# संघीय संसद

# राष्ट्रिय सभा

# चौधौं अधिवेशन

# कार्यवाहीको सम्पूर्ण विवरण

# २६ साउन २०८०

# शुक्रवार

# बैठक सङ्ख्या- ३६

राष्ट्रिय सभाको आजको बैठक सम्माननीय अध्यक्ष श्री गणेश प्रसाद तिमिल्सिनाको अध्यक्षतामा दिनको ११:०१ बजे प्रारम्भ भयो ।

(११:०३ बजे) **सम्माननीय अध्यक्षः**- माननीय सदस्यहरू, राष्ट्रिय सभाको आजको बैठकको कार्यवाही प्रारम्भ हुन्छ ।

माननीय सदस्यहरू, माननीय सदस्यहरूले समसामायिक विषयमा बोल्नका लागि दलीय आधारमा समय माग गर्नुभएको छ । अब म माननीय सदस्यहरूलाई क्रमशः समय उपलब्ध गराउँछु ।

माननीय गंगा कुमारी वेलबासे ।

(११:०३ बजे) **माननीय श्री गंगा कुमारी वेलबासे (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)**:- सम्माननीय अध्यक्ष महोदय, हामी बजेट अधिवेशनमा छौं । बजेट अधिवेशन सँगसँगै हामीले अत्यावश्यक विधेयकहरू पनि पास गर्नुपर्ने थियो । संविधान निर्माण भइसकेपछि, नेपालको संविधान निर्माण भइसकेपछि बन्नुपर्ने कानुनहरू थुप्रै बाँकी छन् । त्यसमा पनि प्राथमिकताको क्रममा रहेका अति महत्त्वपूर्ण विधेयकहरू यसै अधिवेशनबाट हामीले पास गर्नुपर्ने थियो । र बजेट अधिवेशन सकिसकेपछि वर्षा सुरू भएको कारणले विभिन्न समस्याहरू,

स्वास्थ्यका समस्याहरू, बाढी पहिरोका समस्याहरू देखापरिराख्ने यो निरन्तरता नै हो । यस्ता विषयहरूमा जनताको आवाजहरू बुलन्द गर्ने यो संसद, यो लामो समयदेखि अवरूद्ध छ । जनताका आवाजहरूलाई बोल्नुपर्ने, कानुन बनाउनुपर्ने र संसदका आफ्ना नियमित कामहरूलाई अगाडि बढाउनुपर्ने संसद अवरूद्ध हुँदाखेरि हामी जनताप्रति उत्तरदायी हुन सकेका छैनौं । सरकारप्रति उत्तरदायी हुन सकेका छैनौं । सरकारले गरिराखेका राम्रा कामलाई समर्थन गर्ने र ध्यान नपुऱ्याएका ठाउँमा ध्यान दिनका लागि हामीले सम्बोधन गर्नुपर्ने, हाम्रा आवाज बन्द भएका छन् । र हाम्रो आवाज बन्द गर्न सत्ता प्रतिपक्षमा रहेर प्रतिपक्षका साथीहरूले भूमिका खेलिराख्नुभएको छ । यो राम्रो भइराखेको छैन ।

यो सरकारमा हुँदाखेरि संसद विघटन गर्ने, विपक्षमा भयो भने सदन अवरूद्ध गर्ने, यो के तरिका हो यो? हामीले भोग्यौं, ०७४ पछाडि यता आउँदाखेरि एउटा स्थायी सरकार बन्छ, जनताका दुःख, सुखहरू यसले सम्बोधन गर्छ, हामी एउटा नियमित प्रक्रियामा जान्छौं, स्थायी सरकार हुन्छ भनेर हामी चाहिँ अगाडि बढ्यौं । उहाँहरूलाई सदन आवश्यक लागेन विघटन गर्नुभयो । अहिले फेरि उहाँहरू प्रतिपक्षमा हुनुहुन्छ, सदन चाहिएको छैन, अवरूद्ध गर्नुहुन्छ । यसरी जनतालाई जनताका आवश्यकताहरूलाई सम्बोधन गर्न पनि सकिन्न, सरकारलाई साथ दिन पनि सकिन्न, सरकारलाई सकारात्मक बनाउनका लागि आलोचना गर्न पनि सकिन्न, यो तरिका बन्द गर्नुपऱ्यो । सदन खुल्नुपऱ्यो । आफ्ना विरोधका आवाजहरू अरू माध्यमबाट राख्नुपऱ्यो । विरोध गर्नुपर्ने हुन्छ । आफुलाई लागेपछि विरोध गर्ने कुरा छँदैछ । त्यसमा थुप्रै तरिकाहरू छन् । यो तरिका बदल्नका लागि म प्रतिपक्षलाई विनम्र अनुरोध गर्दछु ।

यसरी आज देश आक्रान्त भएको छ । डेङ्गुको एउटा प्रकोप देशभरि बढिराखेको छ । यहाँ लामो समयदेखि डेङ्गु फैलिराखेको वर्षको यो सिजनमा डेङ्गु फैलिने भए पनि पछिल्ला वर्षहरूमा डेङ्गुले भयावह रूप लिइरहेको छ । यसले गर्दा डेङ्गुको विरामीहरूको उपचार गर्न, मृतकहरूलाई राहत प्रदान गर्न र फैलिन नदिनको लागि अभियान सञ्चालन गर्न अतिप्रभावित क्षेत्रहरूमा अभियान सञ्चालन गर्नका लागि म सरकारसँग माग गर्दछु ।

त्यस्तै गरेर पश्चिममा गएको बाढीले गर्दाखेरि, पहिरोले गर्दाखेरि बाटो अवरूद्ध छ, सात ओटा जिल्ला अवरूद्ध छन् । त्यसलाई तुरून्त खोल्नका लागि बाटो सुचारू गर्नका लागि म सरकारलाई विनम्र अनुरोध गर्दछु । यसै गरेर Lumpy Skin बाट नेपालमा ठुलो धनको क्षति भएको छ भने हाम्रा पशु चौपायाहरू मरेर अहिले ठुलो भयावह स्थिति छ । खेतीको अवस्थामा खेत जोत्ने गोरू भएका थिएनन् । दुना गाई र भैंसीहरू मरिरहेका छन् । यस्तो अवस्थामा सरकारले यसलाई ठिक ढङ्गले अगाडि बढाउनका लागि, उपचार गर्नका लागि र पीडितहरूलाई

क्षतिपूर्ति गर्नको लागि म सरकारसँग माग गर्दछु । यस्तै गरेर देशैभरि गइरहेको बाढी, पहिरोमा परि थुप्रैले ज्यान गुमाउनुभएको छ । ती जनको क्षति हुने परिवारलाई क्षतिपूर्ति दिन, घाइतेहरूलाई उपचार गर्न र पीडितहरूको पुर्नवासको व्यवस्था गर्न म सरकारसँग माग गर्दछु ।

त्यसै गरेर विभिन्न ठाउँमा, यो अहिले भारतले चामल निकासीमा प्रतिबन्ध लगाएपछि, लगाउने बहानामा देशभित्रका एउटा कालोबजारी भइराखेको छ, मुल्य बढिराखेको छ, यो महङ्गीलाई नियन्त्रण गर्नका लागि र बजारलाई अनुगमन गर्नका लागि सरकारले तदारूकता देखाएकै छ । अनुगमन भएकै सुनेको छु, तर पनि यसको प्रभावकारिता देखिएको छैन । यसलाई प्रभावकारी ढङ्गले अनुगमन गर्नका लागि पनि म माग गर्दछु ।

त्यसै गरेर भारतमा गएको भारतको उत्तराखण्डमा गएको पहिरोमा परी, गौरी कुण्डमा गएको पहिरोमा परी नेपाली श्रमिकहरूले ज्यान गुमाउनुभएको छ । ती श्रमिकहरूको परिवारलाई राहत प्रदान गरी, १३ जना अहिले पनि वेपत्ता हुनुहुन्छ, ती वेपत्ताहरूको खोजी गर्नका लागि म सरकारसँग विनम्र अनुरोध गर्दछु । र यसरी निरन्तर सदनलाई अवरूद्ध गर्न प्रतिपक्षले आफूलाई सच्याउन र आफूलाई यो सदनप्रति उत्तरदायी बनाउन, जनताका आवाजहरूलाई सुन्न र अहिले सरकारले केही राम्रो गरिराखेको छ । त्यसको विरोध गर्ने? सरकारले नराम्रो गर्दाखेरि त विरोध गर्नु स्वभाविक हो । केही कदमहरू चालेको छ । तस्करी, घुसखोरी र भ्रष्टाचारीहरूको विरूद्धमा सरकार जब अगाडि बढेको छ, त्यसमा प्रतिपक्षले विरोध गर्नु केही तुक देखिरहेको छैन । त्यही, त्यस्तो अवस्थालाई सरकारले अहिले CIB को, CIB लाई अगाडि अनुसन्धान गर्नको लागि जुन ढङ्गले छोडेको छ । त्यो एउटा हामीले भरोसा गरेको एउटा, नेपालको एउटा प्रभावकारी तह हो । त्यसलाई नै अनुसन्धान गर्नका लागि जो अगाडि गइरहेको छ । त्यो नै प्रभावकारी हुने कुरा सबैले जानिसकेका छन्, बुझिसकेका छन् । यसलाई ढाकछोप गरेर अर्को एउटा समिति बनाउने, त्यसलाई चाहिँ आफ्ना मान्छेहरू राख्ने र आफ्ना, आफ्ना तहका मान्छेहरूलाई के गर्न सकिन्छ भन्ने हिसाबले केही Question उठेको छ भने यो पनि राम्रो होइन भन्ने कुराहरू राख्दै र मेरो आफ्नो भनाइ यहीँ अन्त्य गर्न चाहन्छु । हवस्, धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय भगवती न्यौपाने ।

(११:११ बजे) **<u>माननीय श्री भगवती न्यौपाने (नेपाली कम्युनिष्ट पार्टी, एमाले)</u>**:- सम्माननीय अध्यक्षज्यू, सदन अवरुद्धको विषयमा विभिन्न ढङ्गले कुरा उठाइएको छ । म भन्न

चाहन्छु, हामीले विगत देखेका हौं । Briefcase खोसिएको, Briefcase खोसिएको इतिहास पनि हामीले देखेका हौं । कुर्सी उचालेको इतिहास पनि हामीले देखेका हौं । तर हामीले त्यो ढङ्गले प्रस्तुत भएका छैनौं । हामीले जति पटक सदनमा कुरा उठाइरहेका छौं, सदनलाई अवरुद्ध गरिरहेका छौं, हामीले उठाएका मुद्दाहरू genuine छन् । हामीले उठाएका विषयहरू genuine छन् । कहिले हामीले राष्ट्रियतामाथि धावा बोलिँदै गर्दा सत्तापक्षकै तर्फबाट, यो देशको स्वाभिमानको विरुद्धमा धावा बोलिँदै गर्दा, हामीले त्यसका विरुद्धमा सदनलाई अवरुद्ध गरेका छौं । कहिले संविधानलाई बचाउँछु भन्दै गर्दा र संविधानलाई च्यात्दा, कानुनलाई च्यात्दा कानुनमाथि धावा बोल्दा हामीले सदनमा आवाज उठाएका छौं । र हामीलाई बाध्य बनाइएको छ । हाम्रा आवाजहरूलाई बेवास्ता जब गरिएको छ, गरिन्छ, अनि हामीलाई बाध्य बनाइन्छ सदन अवरुद्ध गर्न, त्यसैले आज पनि सदन अवरुद्ध भैरहेको छ । यो विषय कुनै हामीले रमाइलोको निम्ति गरिरहेका छैनौं । सदन हामीले रहरका निम्ति अवरुद्ध गरिरहेका छैनौं, यो बाध्यता हो । यो देशमा नेपाललाई तस्करीको अखडा बन्नबाट सधैंको निम्ति मुक्त पार्न पर्छ । यो देशलाई तस्करीको अखडा बनाउन हुँदैन । यो कुरा हामीले पटक पटक भन्यौं । तर हाम्रो कुरा सुनुवाइ भएन, सरकार आफैं संलग्न छ भन्ने आशङ्का, आशङ्का मात्रै होइन सरकारका मन्त्रीहरू संलग्न हुनुहुन्छ भन्ने तथ्यहरूले पनि पुष्टि गरिरहेको छ । आज मन्त्रीज्यूहरूमाथि तथ्यहरूले घेरिरहेका छन्, प्रश्नहरूको चाङमा वहाँहरू उभिरहनुभएको छ । त्यसैले सरकारका निकायहरू, राज्यका निकायहरूको समेत मिलेमतोमा यस्तो भैरहेको छ भन्ने पुष्टि हुने आधारहरू धेरै देखिन्छन् । त्यसैले हामीले भनिरहेका छौं, माननीयज्यूहरूले प्रतिपक्षका, प्रमुख प्रतिपक्षका माननीयज्यूहरूले तथ्यसहित प्रस्तुत गर्नुभएको छ । त्यसैले म त्यता जान्नँ । यसलाई सामान्य रूपमा हेरिएको छ, भनिन्छ यस्ता सामान्य विषयहरूमा पनि प्रतिपक्षले सधैं सदन अवरुद्ध किन गर्छ? हामीले सामान्य विषयमा सदन अवरुद्ध गरेका हौं?

आज क्विन्टलका क्विन्टल सुन, कसरी एयरपोर्टबाट सडकमा आउँछ? आज कसरी अवैध सामानहरू एयरपोर्टबाट बाहिर निस्कन्छन्? शङ्कास्पद वस्तुहरू कसरी निस्कन्छन्? सेटिङविना यो सम्भव छ? सम्भव छैन । सेटिङविना सम्भव छैन । अचम्म लाग्दो कुरो छ, भन्सारको X-Ray machine ले रेडी ट्रेड प्रा. ली. को सामानहरू धातुजन्य मिश्रित वस्तुहरू भन्सारको X-Ray machine ले RC गर्न सङ्केत गर्छ, २२ पटकसम्म ३३ पटकसम्म त्यस्ता वस्तुहरू आउँछन् । २२ पटकसम्म RC गर्न सङ्केत गर्छ । recheck गर्न सङ्केत गर्छ । तर सुरक्षामा खटिएको टिमले recheck गर्दैन । हामीले प्रश्न गर्‍यौं । यो कसरी सम्भव भयो? धेरै तथ्यहरूले एउटा विदेशी मुलको नागरिकलाई तस्करीमा संलग्न भएको नागरिकलाई नागरिकता

दिने काम कसरी सम्भव भयो? २०७४ सालको पौषको २० गते दावा छिरिङलाई निमा लामा भनेर नागरिकता दिने कुरा त्यति खेर शेरबहादुर देउवा सरकारको नेतृत्व थियो, कसरी सम्भव भयो? यी हामीले प्रश्न उठाइरहेका छौँ ।

राजस्व अनुसन्धान विभागले १९ दिनसम्म उसले यो case हेर्छ । २० औं दिनसम्म प्रहरीलाई जिम्मा लगाउँछ, यो के हो? एक आपसमा राज्यका निकायमा पनि एकआपसमा चाहिँ यो मिलेमतो पनि छैन । एक आपसमा एउटा, यो के भएको हो? हामीले प्रश्न गरिरहेका छौँ । यो प्रश्नको वास्तवमा हामीले एउटै मात्रै जवाफ खोजिरहेका छौँ । त्यो भनेको अब राज्यको निकायलाई हामीले अविश्वास मात्रै पनि गरेका होइनौँ । हामीले सीआईबीलाई अविश्वास मात्रै गरेका पनि होइनौँ । तर हामीले राज्यका निकायसँग नै केही प्रश्नहरू उब्जिए । सरकारका मन्त्रीहरू, गृहमन्त्री मातहतका सुरक्षाहरूले बललाई छिचोलेर कसरी सुन बाहिरियो? हामीले यो प्रश्न गऱ्यौं हामीले, अर्थमन्त्रालय मातहतको अर्थमन्त्री मातहतको कर्मचारीहरूले किन बेवास्ता गर्नुभो'? यो हामीले प्रश्न गऱ्यौं । तर यो प्रश्न गर्दैगर्दा, हामीले एउटा मात्रै जवाफ मागेका छौँ । अब राज्यको निकाय र मन्त्रीहरू मातहत पनि शङ्का भैसकेपछि तपाईंहरूलाई पनि प्रश्न गर्ने समिति चाहियो । तपाईंहरूलाई पनि मन्त्रीज्यूहरू, तपाईंहरूलाई पनि बयान लिने समिति चाहियो । त्यसकारणले गर्दाखेरि आज उच्चस्तरीय छानबिन समितिको आवश्यकता भयो । त्यो माग हामीले गरिरहेका छौँ । त्यो मागलाई बेवास्ता गरेर सदन चल्न नदिने काम कसले गरेको छ? सदनलाई अवरुद्ध गर्ने काम कसले गरेको छ? सरकारको तर्फबाट भएको छ । जब हामी सरकारको बारेमा प्रश्न उठाउछौं । उल्टै प्रतिपक्षतिर तेर्सिन्छ सरकार । अघि पनि माननीयज्यूले भन्नुभो' यो देशमा सरकार छ कि छैन? आज डेङ्गुले, के सदन अवरुद्धको कारणले सरकारले डेङ्गुबाट प्रभावित भएका आज सङ्क्रमितहरू थपिएको थपियै छन् । महामारी बढिरहेको छ । ११ हजार १ सय ५७, आजका दिनसम्म ११ हजार १ सय ५७ जनालाई डेङ्गुबाट प्रभावित छन्, सङ्क्रमित भएका छन् । ८ जनाको मृत्यु भैसकेको छ, के कुराले रोकेको छ डेङ्गु नियन्त्रण गर्नका निम्ति? त्यसैले गर्दाखेरि lumpy skin ले ४८ हजार पशुहरू मरिसके, त्यो रोगको कारणले गर्दाखेरि आज १ लाख ७५ हजार पशुहरू सङ्क्रमित भएका छन् । नियन्त्रण गर्न सरकारलाई केले रोकेको छ?

बाढी पीडितको निम्ति पहिल्यै सचेतना अपनाउँदैन सरकार, बाढी रोक्नका निम्ति । आज पनि ४१ जनाको मृत्यु भैसकेको छ । कैयौं विस्थापित भएका छन् । कैयौं घरहरू पूर्णरूपले क्षति भएको छ । कैयौं घाइते भएका छन् । सरकार योप्रति चासो दिँदैन । यसप्रति सरकारले कुनै जनताको दुःखमा, सरकारले समाधान गर्नका निम्ति जनताका अप्ठ्याराहरूलाई,

समस्याहरूलाई समाधान गर्न सरकार संवेदनशील छैन । सबै क्षेत्र आज अस्तव्यस्त भएको छ । आज देशको अर्थतन्त्र अस्तव्यस्त भएको छ । तर सरकार त्यसप्रति, आज पनि मैले कान्तिपुरमा पढैं, १ खर्ब, ४३ अर्ब निक्षेप घटेको छ । त्यस्तै गरेर २३ अर्ब कर्जा घटेको छ । ठुला लगानी गर्नेहरूले माग नै गर्दैनन् । साना लगानी गर्नेहरूलाई बैङ्कले पत्याएकै छैन । यस्तो परिस्थिति छ । निर्माण कार्यहरू ठप्प भएका छन् । हिमाञ्चल प्रदेशमा पुरिएर, नेपालीहरू पुरिएर, मजदुरहरू पुरिएर १३ जना बेपत्ता भएका छन् । प्रधानमन्त्रीज्यूले २० गते, अस्ति श्रावण २० गते मोदीजीसँग, प्रधानमन्त्री, भारतीय प्रधानमन्त्रीसँग टेलिफोन वार्ता गर्नुभो', यो विषयमा कुरा गर्नुभएन । त्यसैले सरकार आज जनताप्रति संवेदनहीन छ । जनतालाई अप्ठ्यारो पर्दाखेरि सरकारको उपस्थिति छैन । त्यसैले सरकार आज पनि प्रतिपक्षलाई दोष थुपार्छ । त्यसैले हामीले भनेका छौं, उच्चस्तरीय यो सुन तस्करीको विषयमा पनि, वास्तवमा जसरी नेपालमा एउटा ट्रान्जिट कन्ट्रीको रूपमा नेपाललाई बनाएर सुन तस्करी भइरहेको छ, यसको सदाको निम्ति अन्त्य जरुरी छ । त्यसकारणले उच्चस्तरीय छानबिन समिति, त्यसकारणले आवश्यकता छ । मन्त्रीज्यूहरूमाथि उठेका प्रश्नहरूलाई पनि समाधान गर्ने गरी उच्चस्तरीय छानबिन समितिले काम गर्न जरुरी छ, छानबिनका दायरामा चाहे जोसुकै होस्, चाहे जुन सुकै पार्टीका होस्, चाहे जतिसुकै ठुला व्यक्तिहरू किन नहुन्, उनीहरूलाई पनि छानबिनको दायरामा ल्याउनका निम्ति उच्चस्तरीय.....(समय सकिएको) ।

**सम्माननीय अध्यक्षः**- माननीय जितेन्द्र नारायण देव ।

(११:२१ बजे) **माननीय श्री जितेन्द्र नारायण देव (नेपाली काँग्रेस)**:- अध्यक्ष महोदय, संसारका political scientist हरूले भन्ने गर्दछन्, Parliament is the engine of democracy. संसद भनेको लोकतन्त्रको प्राणवायु हो । र if parliament is dysfunctional, democracy is dysfunctional. यदि parliament अवरुद्ध हुन्छ, parliament ..... हुन्छ, parliament निष्क्रिय हुन्छ, काम नगर्ने स्थितिमा जान्छ भने democracy समाप्त हुने दिशामा अगाडि बढ्छ । यो दुनियाँभरिका political scientist हरूले स्वीकार गरेको मान्यता हो, मूल्य हो, democratic मूल्य हो, democratic values हो ।

अत्यन्त दुःखद कुरा र गम्भीर कुरा, चिन्ताको विषय, आज लामो समयदेखि नेपालको संसद अवरुद्ध छ । केको लागि अवरुद्ध छ? आज अवरुद्ध गर्ने दललाई, साथीहरूलाई म प्रश्न गर्न चाहन्छु, अत्यन्त गम्भीर भएर म प्रश्न गर्न चाहन्छु । आज मिडियाहरू पल्टाएर हेर्नुस्,

बुद्धिजीवीहरूका कुरा सुन्नुस्, opinion makers हरूका कुरा सुन्नुस्, अन्य दलहरूका कुरा सुन्नुस्, international community का कुरा सुन्नुस्, दिनहुँ भइराखेको छ, मिडियामा । तपाईंहरूलाई साथ दिएका हिजो राप्रपा, रास्वपाका कुरा सुन्नुस् । तपाईंहरू दिन प्रतिदिन यो अवरुद्ध गर्ने मामलामा खिइँदै जानुभा'को छ । एक्लै, एकल हुँदै जानुभा'को छ । केको लागि यो हुँदै छ? के अभीष्ट पूरा गर्नको लागि यो हुँदै छ? के राज छ? के रहस्य छ? जब देशमा एउटा political stability दिने, pre-pole alliance गठबन्धनको सरकार छ, ५ वर्ष चल्ने कुरामा कुनै शङ्का छैन । Political stability छ देशमा । जनताले चाहेको political stability, अन्तर्राष्ट्रिय समुदायले चाहेको political stability, त्यो मुलुकमा छ आज political stability । ५ वर्षसम्म यो गठबन्धन दायाँ बायाँ हुँदैन भन्ने स्थिति छ । जनताले चाहन्छ रोजगारी, जनताले चाहन्छ आर्थिक विकास, जनताले चाहन्छ आर्थिक समृद्धि । म अर्थमन्त्रीलाई धन्यवाद दिन चाहन्छु, अहिलेको प्रचण्ड नेतृत्वको सरकारलाई धन्यवाद दिन चाहन्छु कि One of the best budget of this country. यो country को एउटा अतिसुन्दर बजेट घोषणा भएको छ । जसले देशमा आर्थिक क्रियाकलापलाई बढाउने, रोजगारी बढाउने, GDP बढाउने र यो मुलुकलाई एउटा उन्नतिको बाटोमा, विकासको बाटोमा अगाडि बढाउने गरी अत्यन्त कठोर कदमहरू चालिएको छ । कठोर कदमहरू र सही कदमहरू चालिएको छ, बजेटको माध्यमद्वारा ।

त्यति मात्रै होइन, सम्माननीय अध्यक्ष महोदय, यो आर्थिक स्थिरता, आर्थिक विकास पछिको जनताले चाहेको तेस्रो agenda भनेको सुशासन हो, भ्रष्टाचार शून्यता हो, सेवा प्रवाह हो । यो क्षेत्रमा म एक/दुइटा कुरा राख्न चाहन्छु । CIB ले, नेपाल पुलिस फोर्सले, नेपालको संविधान र कानुनले खडा गरेको निकायहरूले नक्कली भुटानी शरणार्थी विषयमा जे निष्कर्ष निकाल्यो नेपाल पुलिस फोर्सले, के त्यो नेपाल पुलिस फोर्सको त्यो निष्कर्ष, जसलाई अहिले court ले हेर्दै छ, के त्यो गलत हो? त्यसमा के तपाईंहरूको असन्तुष्टि छ? CIB ले ललिता निवासको विषयमा, scandal मा, जे निष्कर्ष निकालेको छ, जे कारबाही गर्दै छ, जे अन्वेषण गर्दै छ, जुन प्रक्रियाबाट यो विषय अगाडि बढ्दै छ, के प्रमुख प्रतिपक्षको यसमा नाखुसी हो? के असन्तुष्टि हो? CIB, त्यो CIB, सम्माननीय अध्यक्ष महोदय, जुन CIB ले विगतका दिनहरूमा रातो पासपोर्ट काण्डलाई छिनोफानो गर्यो, operation quack चलायो, operation mack spider चलायो, ३३ किलो सुन प्रकरणलाई छिनोफानो गर्यो, अवैध call bypass गर्ने विषयलाई टुङ्ग्यायो, त्यसले कारबाहीलाई अगाडि बढायो, रानीबारी engineer दम्पती हत्या काण्डको सफल operation चलायो, पृथ्वी शाह ..... ठगी र सङ्गठित अपराधको पर्दाफास गर्यो र त्यति मात्रै होइन

सम्माननीय अध्यक्ष महोदय, लामो छ यो । दशौं, बाह्रौंवटा विषयहरूमा म अगाडि जान चाहन्छु तर समय छैन ।

भर्खरै आज मात्रै अहिले जे १ सय क्विन्टल भनिएको सुनको छानबिन जुन हुँदै छ, CIB ले जिम्मा पा'को छ । त्यो CIB ले आज मात्रै पनि यो विषयमा दुइटा थप चिनियाँ नागरिकलाई समातेको छ, आज मात्रै बिहान समातेको छ । आज मात्रै fake certificate प्रकरणमा ७ वटा डाक्टरहरूलाई समातेको छ । जसमा एक जना unfortunately, unfortunately, दुर्भाग्यवश हाम्रो सांसद पनि पर्नुभा' छ । सांसदको हिसाबले हामी दुःखी छौं । तथापि, investigation गर्दै छ । CIB ले investigation को प्रक्रिया अगाडि बढाउँछ । CIB माथि question गर्नु भनेको के हो भन्दाखेरि आफ्नो राजनीतिक कार्यकर्ता राखेर समिति बनाउने र छानबिनलाई ढाकछोप गर्ने । This is the conspiracy. This is the design. प्रमुख प्रतिपक्षको design के हो भन्दाखेरि म बडो नरम शब्दमा यो question खडा गर्न चाहन्छु, यो नेपालका राजनीतिक पार्टीहरूले, म यो भन्न चाहन्छु, नेपालको राजनीतिक पार्टीहरूले जब जब पुलिस प्रशासनमाथि, राज्यको संयन्त्रमाथि हस्तक्षेप गर्यो, intervene गर्यो, गलत किसिमले हस्तक्षेप गर्यो, त्यतिबेला पुलिसहरू पङ्गु भ'को छ । त्यतिबेला नेपालका investigating agency हरू पङ्गु भएको छ । यो पङ्गु बनाउने काम नेपाल पुलिस फोर्सको आफ्नो कमजोरी होइन, नेपाल पुलिस फोर्सलाई बारम्बार कमजोर गर्ने काम यहाँका गृहमन्त्रीहरूले गरेका छन् विगतमा, प्रधानमन्त्रीहरूले गरेका छन् विगतमा, राजनीतिक पार्टीका 'क' श्रेणीका नेताहरूले गरेका छ विगतमा ।

म धन्यवाद दिन चाहन्छु, नारायण काजी श्रेष्ठलाई । One of the best Home Minister of this country. सफल Minister of this country, गृहमन्त्री । आज गृहमन्त्री नारायण काजीको विरुद्धमा यत्रो ठुलो आक्रमण किन? आज सफल अर्थमन्त्री प्रकाशशरण महतको विरुद्धमा यत्रो ठुलो आक्रमण किन? यी दुइटा व्यक्तिहरू आज लाक्षणिक पात्रको रूपमा आएको छ, positive पात्रको रूपमा आ'को छ । जसले economy लाई राम्रो गर्न खोजिराखेको छ, जसले यो देशबाट smuglling लाई, सङ्गठित अपराधलाई अन्त गर्ने गरी, चाहे मेरो कुर्सी जान्छ जाओस्, मेरो पद जान्छ जाओस् तर म यसलाई हाम्रै पार्टीको मान्छे भए पनि, गठबन्धनकै मान्छेहरू भए पनि, जो भए पनि investigation ले तथ्य र प्रमाणको आधारमा, CIB को तथ्य र प्रमाणको आधारमा यदि भोलि जे टुङ्गो लाग्छ, त्यो गर्न हामी तयार छौं भनेर गृहमन्त्रीले भन्दै हुनुहुन्छ । त्यसमा question खडा गर्ने, question खडा गर्नु नै के हो भन्दाखेरि त्यसमा दालमे काला हे । दालमे काला, रहस्य छ यसमा । र त्यही कारणले विगतमा लामा लामा तस्करी काण्डहरू, भ्रष्टाचारहरू एक से एक ओम्नी देखि लिएर ५/५ वर्षअगाडि नै renew गरेका काण्डहरू,

Gokarna Resort, ५ वर्ष बाँकी नै थियो, ५ वर्षअगाडि नै २५ वर्षको लागि renew गर्दियो । के खेल थियो त्यसमा? दर्जनौं यस्ता चिजहरू भन्न सकिन्छ । म एउटा राजनीतिक कार्यकर्ताको नाताले, दलको एउटा सिपाहीको नाताले म यो कुरा भन्दै छु । त्यसकारण म बहुत emotionally र बहुत म इमान्दारीको साथ, म खुलेर, म प्रमुख प्रतिपक्षसँग भन्न चाहन्छु कि प्रधानमन्त्रीजीले भन्दै हुनुहुन्छ, गृहमन्त्रीजीले भन्दै हुनुहुन्छ, बस ३५ दिन CIB लाई investigation गर्न दिनुस्, Independently गर्न दिनुस् । जसरी अहिले न प्रधानमन्त्रीजीले हस्तक्षेप गर्नुभा' छ, न गृहमन्त्रीजीले हस्तक्षेप गर्नुभा' छ । CIB ले आफ्नो investigation गरिराखेको छ । हाउस, न दुधको दुध, पानीको पानी त हुन्छ नि, दुधको दुध र पानीको पानी हुन्छ । चोरको खुट्टा काट भनेपछि खुट्टा किन उचाल्ने? दालमे काला हे ।

त्यसकारणले म के भन्न चाहन्छु भने म बहुत विनम्रतासाथ प्रमुख प्रतिपक्षसँग आग्रह गर्न चाहन्छु, एउटा दलको, नेपाली काँग्रेस संसदीय दलको एउटा सिपाहीको नाताले हामी गम्भीर बनौं । मदन भण्डारीले democracy को लागि धेरै लड्नुभा' छ । नेकपा एमालेले पनि democracy को लागि लडेको छ । जनताको बहुदलीय जनवाद democracy भन्छ । Democracy लाई injured नगरौं, संसद विघटन गर्ने काम नगरौं, संसदलाई रोक्ने काम नगरौं । एउटा गलत भाष्य स्थापित गर्दै छ । सत्तापक्ष पनि यसमा पुनः विचार गर्नुपर्छ । गलत भाष्य के स्थापित गर्न खोजिँदै छ भने गलत narrative, यो सदन भनेको अल्पमतको हुन्छ । र सरकार मात्रै बहुमतको हुन्छ, गलत । सरकार पनि बहुमतको हुन्छ, Parliament पनि बहुमतको हुन्छ । अल्पमतले दुनियाँमा कहीं पनि बन्दक बनाउन पाउँदैन । बन्दक बना'को छ, यो parliament लाई । Parliament चल्न दिनुपर्छ । बोल्नलाई स्वतन्त्र छ, प्रतिपक्ष । बोल्न पाइन्छ । बोल्नको लागि सदन हो, प्रतिपक्षको लागि । रोक्नको लागि, block गर्नको लागि, अवरुद्ध गर्नको लागि होइन । यो narrative नै गलत किसिम narrative चैं यहाँ स्थापित गर्न खोजिँदै छ । त्यसकारण सम्माननीय अध्यक्ष महोदय, धेरै कुरा म भन्न चाहन्छु, समयको पाबन्दी छ । डर छ हामीलाई, कहीं मध्यावधि ल्याउन खोजिएको त होइन? संसद विघटन गर्न खोजिएको त होइन? हामीलाई शङ्का छ । .....(समय सकिएको) ।

**सम्माननीय अध्यक्ष**:- माननीय राजेन्द्र लक्ष्मी गैरे ।

(११:३१ बजे) **माननीय श्री राजेन्द्र लक्ष्मी गैरे (नेपाल कम्युनिष्ट पार्टी, एकीकृत समाजवादी)**:- सम्माननीय अध्यक्षज्यू, आज हामी यो आर्थिक वर्षको बजेट पास गरेर अब हाम्रो

सदन हाम्रा नीति निर्माणहरू बाँकी काम नीति निर्माण गर्नुपर्ने ठाउँमा हामी हुनुपर्ने हो तर यस्तो भइरहेका छैन । आज देश र जनताले, दुनियाँले निकास खोजेको छ तर देशले निकास पाएको छैन । हाम्रो, यो सदन दिनदिनै अवरुद्ध भएको छ । हामीलाई यसरी अवरुद्ध हुँदा आम नेपालीले हामीलाई सराप गरेका छन् । त्यहाँ गएर सदन अवरुद्ध गरे, जनताको पक्षमा काम गरेनन्, हामीलाई यो आरोप लागेको छ । यो आरोप हामीले जिन्दगीमा, हामी जनप्रतिनिधिको हैसियतले आएको कारणले जनताले लगाएका हुन् । यो हामीले भोलि तिर्न पाउछौं? भोलि हामीले जवाफ दिने ठाउँ छ कि छैन? यसरी हामीले गम्भीर हुनुपर्दछ भन्ने लाग्छ । सुन काण्डमा अहिलेसम्म प्रतिपक्षले जुन उच्चस्तरीय छानबिन समिति गठन गर्नुपर्छ भनेर भनिरहेको छ । यो भन्सारसँग पनि, राजस्वसँग पनि, सीआईबीसँग पनि जोडिएको विषय छ । आज एउटा चरण पार गरेर सीआईबीलाई अनुसन्धान गर्नको निम्ति कामको जिम्मेवारी दिइएको छ । सीआईबी, यो देशको अब्बल मानिन्छ । विश्वले अब्बल मान्छ, ८० हजार सेनाको फोर्स, अनुसन्धान टिम, त्यसलाई आज विश्वले मानेको टिमलाई हामीले किन अविश्वास गरिरहेका छौं? हामीले अविश्वास गर्नुको कारण, लाभ र हानीको आधारमा सम्झौता गर्ने र सङ्गठित अपराधलाई फेरि गुमराहमा पार्ने हिसाबले हामीले यस्तो कुराहरू गरिरहेको हामीले सुनिरहेका छौं । त्यसो हुनाले समिति गठन गर्दैमा यो देशले निकास पाउँछ? समितिले नै ठेगान लाउन सक्छ भन्ने कुरा विगतलाई पनि हामीले हेरौं न त? म यति दुःखी भएको दिन कुन हो भनी जननेता मदन भण्डारीको गाडी दुर्घटना भएको, हत्या, गाडी त्रिशुलीमा खसेको दिन हामी सारै दुःखी भएका थियौं । हामी पाल्पादेखि चितवन हुँदै लास खोज्दै खोज्दै तीन दिनपछि दशरथ रङ्गशालामा लास राखेर पशुपतिसम्म जाने हामी उच्चस्तरीय छानबिन समिति बनेको थियो त । जननेता मदन भण्डारीको दुर्घटना हो कि हत्या हो? आज पनि नेपाली जनताले प्रश्न गरेका छन् । हामीले उत्तर त पाएनौं त, पाएनौं छानबिन समिति बनाउँदैमा । आम नेपाली जनताले गरेको प्रश्नको त उत्तर पाइँदैन भने आज अपराध अनुसन्धानले, सीआईबीले गरेको अनुसन्धानमा हामीले question गरेर, यो देशलाई कता धकेल्दै छौं? हामी यस मानेमा दुःखी छौं । तिब्बतको बाटो हुँदै तिब्बतीहरूले नेपालको बाटो प्रयोग गर्ने भारतीयहरूले बाटो प्रयोग गर्ने र अरू कैयौं देशहरूले नेपाललाई एउटा ट्रान्जिट बनाउने र यहाँ खेल्ने, हरेक खालका अपराधहरू गर्ने कामहरू गरेका छन् भन्ने मानेमा हामी नेपाली भएको हिसाबले हामीले असाध्यै दुःख मान्नुपर्ने कुरा हो । यसको निम्ति हाम्रो सीमा सुरक्षाको कुरा, हाम्रा आगमनको कुरा यही सरकारले गर्नुपर्छ नि त, यो सरकारले गर्नुपर्दछ । हामीले विगतमा गरेनौं भन्ने होइन । जे छ अहिले वर्तमानमा गर्ने हो, गर्नको निम्ति हामी सबैको साथ त चाहिन्छ त । प्रतिपक्षको पनि साथ चाहिन्छ । सरकारको पनि साथ चाहिन्छ । तब मात्रै हामी टुङ्गोमा पुग्न सक्छौं । लाभ र हानीको आधारमा सम्झौता

गर्ने, कहीँ चाहिँ मन्त्रीहरू ढलाको आधारमा रिस उठ्ने, कहीँ चाहिँ कुनै पदको निम्ति चाहिँ बार्गेनिङ गर्ने, यस्तो गऱ्यौं भने हाम्रो व्यक्तिगत रूपमा हामीलाई एक दुई जना फाइदा त होला तर देशको निम्ति फाइदा हुँदैन, आम नेपालीको निम्ति फाइदा हुँदैन । त्यसो भएको हुनाले हामी यसलाई विश्वास गर्नुपर्छ र कुनै पनि disturb नगरिकन हामीले यो अनुसन्धानलाई अगाडि बढाउन दिनुपर्छ । यदि यो अनुसन्धान बिचैमा तुहियो, भ्रष्टाचार मौलायो भने हामीले फेरि खबरदारी गर्नुपर्छ । हामी मिलेर फेरि यो विषयलाई उठान गर्नुपर्दछ । र अहिले जुन हिसाबले अगाडि बढ्नुभएको छ प्रधानमन्त्री, गृहमन्त्री, अर्थमन्त्री, सबै मान्छेले salute गरेका छन् । मैले विज्ञहरूको पनि कुरा सुनेको छु । कहाँ गृहमन्त्री जोडिन्छन्? कहाँ प्रधानमन्त्री जोडिन्छन्? कहाँ अर्थमन्त्री जोडिन्छन्? कहाँनिर बलियो भएको छ? कहाँ कमजोर भएको छ? देशका विभिन्न चाहिँ ठाउँमा बसेर काम गरेका मानिसहरूले आफ्नो अनुभवहरू sharing गरिरा' छन् । हामीले पनि सुनिरहेका छौं । र हामी हरेक काममा, जे काम गर्दा पनि हामी यो देशको सुरक्षा निकायलाई गुहार्ने, हामीले त्यसलाई विश्वास गर्ने, हामी नछिरेर हाम्रो घरभित्र अनुसन्धान गर्न उसलाई जिम्मा लगाउने, हामी यो सबै कुरा केका आधारमा गरिरा' छौं, विश्वासको आधारमा गरेका छौं । त्यसैले गर्दा यो सुन काण्डको अपराधीहरूलाई समाउने काम गरेको छ । यसलाई टुङ्गोमा पुऱ्याउँदासम्म हामी धैर्यता गरौं र हामी अगाडि बढौं भन्न चाहन्छु ।

र अर्को कुरा मिटरब्याजीको कुरा पनि सरकारले छिटै, यो विषयमै चाहिँ टुङ्गो लगाउनुपर्दछ । आज मान्छेहरू थाल खाऊँ कि भात खाऊँ भएर साहुले घरमा बस्न नदिएर अतालिएका छन् । यसलाई हामीले यो कुरा पनि टुङ्गो लगाउनुपर्ने देखिएको छ । यसको लागि पनि हाम्रो सदन चल्नुपर्ने छ ।

र म साथै अर्को कुरा पनि के जोड्न चाहन्छु भने स्वास्थ्य बिमाको कुरा जोड्न चाहन्छु । स्वास्थ्य मान्छेको लागि मौलिक हक हाम्रो संविधानमा छ । र स्वास्थ्यमा चाहिँ हामीले स्वास्थ्य बिमाको कुरा गऱ्यौं, हामीले निरन्तरता पनि दियौं । आज स्वास्थ्य बिमा गरिरहेका हस्पिटलहरूले, निजी मेडिकल कलेजहरूले पैसा पाएनौं भन्ने नाममा स्वास्थ्य बिमा रोकेका छन् । हाम्रो सरकारी संरचनाको, सरकारी हस्पिटलको त्यो सेवा दिन सक्ने अवस्था अहिले छैन । हामीले आजको आजै, भोलिको भोलि, त्यो सेवा भर्न सक्ने, हामी एमआरआई गराउन सक्ने, सीटी स्क्यान गराउन सक्ने अवस्थामा पनि छैनौं । त्यस्तो खालको अवस्था हाम्रो स्वास्थ्य क्षेत्रलाई बलियो बनाउनुपर्छ सरकारले, हाम्रो सरकारी हस्पिटलहरू बलियो हुनुपर्छ । तर अहिले हामीसँग जुन शक्ति छ, जुन क्षमता छ, त्यसलाई पनि परिचालन गर्नुपर्दछ र स्वास्थ्य बिमा बोर्ड र स्वास्थ्य मन्त्रीको ध्यानाकर्षण गराउन चाहन्छु । स्वास्थ्य बिमा लागु गर्नको निम्ति

छिट्टै यो सरकारले अगाडि बढाउनुपर्छ र सबैले यसमा साथ दिनुपर्छ भन्ने मलाई लाग्छ । र पशुको कुरा, आज नेपालीहरूको गुजारा चलाउने बाटो पशुपन्छी हो । त्यसैबाट मान्छेले एक डेक्ची दुध बेचेर नुन तेलहरू चलाउने गर्छन्, मलबाट खेतीपाती गर्ने गर्छन् । आज गोठमा बाँधेका पशुहरू डङ्ग्रङ डङ्ग्रङ, यो lumpy skin भन्ने रोगले ढलिरहेका छन्, मरिरहेका छन् र किसानहरू रोइरहेका छन् । यस्तो बेलामा हामी संवेदनशील हुनुपर्छ कि पर्दैन? हाम्रो सरकार संवेदनशील हुनुपर्छ कि पर्दैन? सरकारले ती गोठ खाली भएका किसानहरूलाई एउटा भए पनि, दुइटा भए पनि पशु गोठमा बाँध्न सक्ने हैसियत कायम गर्दिनुपर्छ । र बिरामी भएका पशुहरूको उपचार गर्दिनुपर्छ । छिटोभन्दा छिटो यो चाहिँ पशुहरूको खेतीको हिसाब गरेर किसानहरूलाई राहत पुऱ्याउन, क्षतिपूर्ति दिन, यो पशुपंक्षी कृषि मन्त्रीको पनि ध्यानाकर्षण गर्न चाहन्छु । प्रधानमन्त्रीको पनि ध्यानाकर्षण गर्न चाहन्छु । किसानहरू रोइरहेको बेलामा हामीले मलम लाउन सकेनौं भने अर्थ हुने छैन । हाम्रो किसानहरूका गोठहरू खाली भए, यो गोठमा भर्नको निम्ति सरकारले छिटोभन्दा छिटो यो कार्यक्रम ल्याओस् र किसानलाई राहत पुऱ्याओस् भनेर म भन्न चाहन्छु ।

र अर्को कुराः हामीले अहिले यहाँ यो कुराहरू गरिरहँदा आज सडकहरू भरिएको छ, सडकहरू तातिएको छ । मान्छेहरूले आफ्ना अधिकारका लडाइँ लडिरहेका छन् । आदिवासी जनजाति साथीहरूले हाम्रो मानहानी भयो भनेर आवाजहरू बुलन्द गर्नुभएको छ । हामी सानातिना कुराहरूमा पनि ध्यान दिनुपर्ने हुन्छ । कतिपय आफ्ना संस्कारहरू छन् । मगर समुदायलाई हेर्ने हो भने उनीहरूले आफ्नो सासु आमालाई माइजु गुमा भन्छन् । ससुरालाई पुसाजु भन्छन् । अनि आफ्नो ज्वाइँलाई भान्जा भन्छन् । उनीहरूको आफ्नो संस्कृति छ, चलन छ । यस्ता कुराहरूमा हानी भयो भनेर आवाजहरू उठिरहेको छ । हाम्रो समाजमा भएका परम्परा, संस्कृतिहरूलाई जगेर्ना गर्ने कुरा, उनीहरूको परम्परा हामीले मान्ने कुराहरूलाई पनि हामीले अवमूल्यन गरेर, हामी बढी जान्ने भएर आवाजहरू उठाउँदा, हामी बोलिरहँदा कसैको मानमर्यादामा हानी पुग्या छ कि भनेर हामीले नसोच्ने हो भने हाम्रो समाज कता जाँदै छ । त्यसो हुनाले आफ्ना परम्परा, संस्कृतिहरूलाई जगेर्ना गर्नको निम्ति जुन खालको आवाजहरू उठिरहेको छ, यसलाई हामीले समर्थन गर्नुपर्दछ । गलत कुरा बोल्ने मान्छेहरू सच्चिनुपर्दछ र सही कुराहरूलाई अगाडि बढाउनुपर्दछ भन्ने कुरा म राख्न चाहन्छु । अन्तमा हामी फेरि पनि म सरकारको ध्यानाकर्षण गर्न चाहन्छु । बाढी पीडितले धेरै धनजनको क्षति भएको छ । कैलाली, कञ्चनपुरका सातओटा जिल्ला प्रभावित भएर आज बाटो क्षत विक्षत भएर सम्पर्कविहीन भएका छन् । त्यहाँको मान्छेहरूलाई आवतजावत गर्न, खान, रासनहरू ल्याउन, मान्छे बिरामी लैजान

अप्ठ्यारो परिरहेको छ । यस्तो बेलामा सरकारले तुरुन्त ध्यान दिएर त्यहाँका जनताहरूको अवस्थालाई छिटोभन्दा छिटो..... (समय सकिएको) ।

**सम्माननीय अध्यक्ष**:- माननीय मोहम्मद खालिद ।

(११:४२ बजे) **माननीय श्री महोम्मद खालिद (जनता समाजवादी पार्टी, नेपाल)**:- सम्माननीय अध्यक्षज्यू, हाल चामलको निर्यातमा केही रोक लगाएको होहल्लाको भरमा मात्र बजारमा चामलको मूल्य एक्कासी बढेको छ । त्यतातिर सरकारको ध्यान अवश्य नै गएको छ । र त्यसको अनुगमन पनि भइरहेको छ, तर मलाई लाग्छ कि अझ प्रभावकारी अनुगमन हुनुपर्ने हो । बोरीमा २ सयदेखि ३ सय रुपैयाँसम्म मूल्यमा वृद्धि भएको बजारमा पाइएको छ । यो प्रत्येक नेपाली जनतासँग गाँसिएको, प्रत्येक नेपाली जनतासँग सम्बन्धित समस्या रहेकोले सरकारले प्रभावकारी अनुगमन गर्नुपर्छ भन्ने म माग राख्दछु ।

अर्को कुरो, विचारको स्वतन्त्रता, अभिव्यक्तिको स्वतन्त्रता प्रजातन्त्रको गहना हो र यहाँसम्म पुग्नको लागि विभिन्न राजनीतिक दलका हाम्रा नेताहरूले, नेपालका Scholar हरूले, बुद्धिजीवीहरूले, नागरिक समाजले धेरै बलिदानी चुकाएको छ । धेरै बलिदानी दिएको छ । अनि हामीले ०७२ को संविधान पाएका छौं । यो संविधानले पनि धारा १७ को (१) खण्ड (क) मा विचार र अभिव्यक्तिको स्वतन्त्रता दिएको छ तर त्यसलाई कसरी प्रयोग गर्ने? कुन प्रकारले प्रयोग गर्ने? त्यसलाई आफ्नो राम्रो विचार, समाज र देश निर्माणको लागि प्रयोग गर्ने कि सामाजिक सद्भावलाई समाप्त पार्ने? देशमा द्वन्द्व निम्त्याउने र यहाँका विभिन्न समाजहरूका बिचमा भएका माया र स्नेहलाई समाप्त पार्ने गरी अभिव्यक्ति दिने हो? संविधानको धारा १७ को (२) च को खण्ड (१) मा प्रष्ट पारिएको छ । खण्ड (क) को कुनै कुराले नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रियता र स्वाधीनता वा सङ्घीय इकाई वा विभिन्न जात, जाती, धर्म, सम्प्रदाय बिचको सुसम्बन्धमा खलल पर्ने जातीय भेदभाव र छुवाछुत आदि सबै कुरा संविधानमा प्रष्ट पारिएको छ । तैपनि हाम्रा केही वीर बहादुर साहवहरूले खासगरी जनजाति, आदिवासी, दलित र समाजमा सबभन्दा पछाडि पारिएका वर्गलाई लक्षित गरी सधैं होच्याउँने र अपमानित गर्ने अभिव्यक्ति सार्वजनिक रूपमा दिइरहेको छ । र त्योसम्बन्धी राज्यसमक्ष कहिले लिखित रूपमा, कहिले मौखिक रूपमा र कहिले सञ्चार माध्यमको रूपमा र कहिले काहीं आन्दोलनको रूपमा पनि ध्यान आकर्षण गराउने कुरा आइरहेको छ । म सधैं भन्ने गर्छु र हामी सबैको साझा मान्यता हो कि नेपाल विभिन्न जातजाति, भेषभुषा, भाषा, संस्कृति र सभ्यताको देश हो । र यो विविधतामा हाम्रो सुन्दरता चारैतिर देखापरिरहेको छ । तर यो सुन्दरतालाई डढाउने, यो

सुन्दरतालाई समाप्त पार्ने प्रयास भइरहेको छ । त्यतातिर राज्यले गम्भीर रूपमा ध्यान दिनुपर्छ भन्ने मेरो आग्रह छ अध्यक्ष महोदय ।

अर्को कुरो, म के सबै म यसमा केही नछुट्याइकन किन भन्ने कि हामीले हेरिराखेको छौं । यदि कुनै राजनीतिक दल आज मसँग छ भने एकदम राम्रो, एकदम भद्र, उहाँमा कुनै त्रुटी छैन । र विपक्षमा जाने वित्तिकै, त्यो राजनीतिक दल डष्टविनका फोहोर जस्ता भइहाल्छ । यो मानसिकताले, यो मानसिकताको हाम्रो नेपाली जनताले पनि गरिरहेको छ । र जुन प्रजातन्त्र, जुन Democracy, जुन आज विचार र अभिव्यक्तिको आज आजादी र स्वतन्त्रता हामीले ल्याएका छौं, (**सम्माननीय अध्यक्ष**:- मोवाइल बन्द गर्नुहोस्, मोवाइल बन्द ।) त्यसमाथि नै प्रश्न चिन्ह उठिरहेको छ । आज जनता, नेपालका जनता हाम्रा कारणले, राजनीतिक दलका कारणले उनीहरूमा कहीँ न कहीँ निराशा उत्पन्न भइरहेको छ भने, म विशेष गरी प्रतिपक्ष र साथमा पक्षका पनि साथीहरूमा पनि ध्यानाकर्षण गराउन चाहन्छु ।

जुन त्याग र बलिदानबाट तपाईंले यो व्यवस्था ल्याउनुभएको छ । आज त्यस विरूद्ध षडयन्त्र भइरहेको छ, तपाईंहरू सचेत हुनुहोस्, सचेत हुनुभएन भने तपाईंहरूको त्याग र बलिदान र तपस्या खेर जान्छ । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**: माननीय तुल प्रसाद विश्वकर्मा ।

**(११:४८ बजे) माननीय श्री तुल प्रसाद विश्वकर्मा (राष्ट्रिय जनमोर्चा)**:- सम्माननीय अध्यक्षज्यू, आज देशका अगाडि गम्भीर समस्याहरू छन् । जनताका, जनजीविकाका सवालहरू टडकारो रूपमा उठिरहेको छ । देशमा बाढी पहिरो र सडक अवरोधले जनताहरू कष्टसाध्य जीवन बिताइरहेका छन् । त्यस खालको अवस्थामा, अब देशमा भ्रष्टाचारको विरुद्धमा जुन किसिमको विवाद यहाँ उठिरहेको छ, यसमा म के भन्न चाहन्छु भने प्रतिपक्षका साथीहरूले उच्चस्तरीय आयोगको, उच्चस्तरीय छानबिन समितिको कुरा जुन उठाइरहनुभएको छ, यो छानबिन समितिलाई यहाँहरूको के अर्थमा चैं यसको आवश्यकता महसुस भएको हो? त्यो प्रष्ट हुनुपर्यो । किनभन्दा सरकार स्वयम् सरकारले छानबिनलाई अगाडि बढाएको छ । सरकारी निकायले त्यसलाई अगाडि बढाइरहेको छ । र कतिपय दोषीहरू समातिएका छन्, कतिपय समातिने क्रममा छन् । र स्वयम् गृहमन्त्रीले पनि ३५ दिनभित्र यसको root cause मा म पुग्छु, ३५ दिनको मलाई अवधि दिनुस् भनेर उहाँले बोलिसक्नुभएको छ । यस अवस्थामा हामीले यो

प्रक्रियालाई बिचमा रोक्न किन चाहिरहेका छौं? यो बुझिनसक्ने कुरा छ । यहाँ प्रवक्ता माननीयज्यूहरूले पनि आफ्ना विचारहरू राख्नुभो' । कति यो देशको गतिविधिलाई, संसदको गतिविधिलाई अवरुद्ध गरेर हामीले जनताको अधिकार र उनीहरूको सुविधामा चैं हामीले हनन गर्न त खोजिरहेका छैनौं? कतै त्यतातिर त त्यो भइरहेको छैन? हाम्रो ध्यान त्यसमा चैं जाओस् भन्ने मैले भन्न चाहन्छु ।

र हामी अहिले देशमा नयाँ बजेट पास भएर हामीले जनताका जल्दाबल्दा समस्याहरूको विषयमा, देश निर्माण र विकासको विषयमा, जनताका चाहना र आवश्यकताहरूको विषयमा हामीले, यो सदनले आवश्यकीय नीति, नियम, कानुन र प्रावधानहरू बनाएर हामीले जनतालाई सुविधा दिनुपर्ने ठाउँमा, पटक पटक हामीले यो संसदलाई अवरोध गरेर हामीले जनतालाई के सन्देश दिन चाहिरहेका छौं? यो कुरा पनि हामीले सोच्नुपर्छ भन्ने मैले ठानेको छु । त्यसैले यो भ्रष्टाचार काण्ड, यसलाई निश्चित रूपमा टुङ्गोमा पुऱ्याउनको लागि हामीले सरकारलाई मद्द त गरौं । र त्यसपछि के नतिजा आउँछ, त्यो नतिजा आएन भने अनि हामीले कुन स्तरको समिति बनाउने हो? कुन मन्त्रीलाई छानबिन गर्ने हो? कुन चैं कर्मचारीलाई हामीले कठघरामा उभ्याउने हो? त्यसपछि तपसिलका कुराहरू हुन जान्छन् । त्यसैले मैले यही कुरा आग्रह गर्दै यो संसदलाई बन्दक नबनाऊँ । यो सार्वजनिक महत्त्वका विधेयकहरू पारित हुन बाँकी छन्, ऐन कानुनहरू बन्न बाँकी छन्, कयौं pending रहेका चिजहरूलाई बारे छलफल गरेर हामीले त्यसलाई टुङ्गो लगाउनु छ । जनताका प्रत्यक्ष सरोकारका कुराहरू हामीले यहाँ गर्न आएका हौं । त्यसैले यो कुरालाई हेक्का राखेर हामीले बढी यो संसदलाई अवरुद्ध गर्नतिर नजाऊँ भन्ने मैले अनुरोध गर्न चाहन्छु, प्रतिपक्षका साथीहरूलाई । र यो सदनलाई सुचारु गर्नको लागि हामी सबैले मद्दत गरौं । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**: माननीय डाक्टर विमला राई पौडयाल ।

**(११:५३ बजे) माननीय डा. विमला राई पौडयाल (मनोनीत)**:- सम्माननीय अध्यक्षज्यू, पहिला म एउटा सार्वजनिक महत्त्वको कुरामा सरकारको ध्यानाकर्षण गराउन चाहन्छु । विश्व स्वास्थ्य सङ्गठन, WHO को पूर्वी एशियाको क्षेत्रीय निर्देशकको ठाउँ चैं खाली भइराखेको छ । र त्यसमा नेपालले उम्मेदवारी दिने कुरा, त्यो निर्देशकको position मा नेपालको तर्फबाट उम्मेदवारी दिने कुरा पहिलाको सरकारले निर्णय गरेको हो, मन्त्रिपरिषद्बाटै निर्णय भएको हो ।

र त्यो मन्त्रिपरिषद्बाट निर्णय भइसकेकै आधारमा डा. शम्भु आचार्य, जो नेपालको तर्फबाट WHO मा करिब ३० वर्षअगाडिदेखि काम गरिरहनुभएको छ । असाध्यै दक्ष पनि हुनुहुन्छ । पूर्वी एशियामा असाध्यै धेरै परिचित पनि हुनुहुन्छ । उहाँले चैं उम्मेदवारी, नेपाल सरकारको तर्फबाट उम्मेदवारी दिनुभएको हो । यो पहिलाको सरकारले नै यसलाई धेरै promote पनि गरिराखेको अवस्था हो । अहिले आएर October ३० देखि November १ सम्ममा त्यो समितिको बैठक बस्दै छ, Geneva मा । र त्यसपछि त्यहाँ चैं जुन election हुँदै छ र त्यो election मा नेपालको तर्फबाट नेपालको उम्मेदवारलाई जिताउनु अति नै आवश्यक छ । किनभने त्यसले नेपाललाई थुप्रै प्रत्यक्ष, अप्रत्यक्ष फाइदा पनि हुन्छ । नेपालको एउटा दक्ष मान्छे त्यो ठाउँमा पुग्नु पनि हुन्छ । त्यो भएर नेपालको image को कुरा पनि छ, विश्वमा । र WHO लाई नेपालले गर्ने contribution को कुरा पनि छ । तर यो विषयमा पहिला धेरै चैं, यो किनभने यो South Asia को मुलुकहरूले भोट हाल्नुपर्ने हुँदाखेरि र Bangladesh बाट पनि एक जना छानिनुभा'को छ । त्यसै गरी Bangladesh ले आफ्नो उम्मेदवार अगाडि सारिराखेको अवस्थामा, नेपालले आफ्नो कूटनीतिक channel हरू प्रयोग गरेर नेपालको उम्मेदवारलाई जिताउनको लागि जति गृहकार्य हुनुपर्ने हो, त्यति गृहकार्य भइरहेको देखिँदैन । त्यसले गर्दा मैले पहिला नै सरकारको ध्यानाकर्षण गराउँदै छु । प्रधानमन्त्री, स्वास्थ्य मन्त्री र परराष्ट्र मन्त्रीले कूटनीतिक नियोगहरू परिचालन गरेर यो हाम्रो कम्तीमा यो South Asia मा भएको देशहरू, पूर्वी एशियामा भएको देशबाट हामीलाई, हाम्रो उम्मेदवारलाई जिताउनको लागि गृहकार्य गर्न पर्यो, पहल गर्न पर्यो र उहाँहरूसँग संवाद गर्नुपर्यो । यसलाई ढिलो गर्नुहुँदैन । किनभने हामीसँग अर्को प्रतिद्वन्द्वी पनि हुनुहुन्छ । त्यसले गर्दा ढिलो नगरिकन यो काममा सरकारको ध्यान जाओस् भनेर मैले भन्न चाहन्छु ।

र अब यो अनुरोधसँगसँगै मेरो दोस्रो कुरा भनेको चैं अहिले भर्खरै हामीले धेरै कुराहरू सुनिरहेका छौं, संसद कति दिनदेखि दैनिक कार्यमा जान सकिराखेको छैन । मैले अस्ति पनि भनें, CIB ले अहिले सुन तस्करीको अनुसन्धान गर्दै छ भन्ने कुरा पनि साँचो हो । र त्यसपछि यसलाई पर्खिंदा हुन्छ भनेर एक किसिमको मत पनि आइराखेको हामीले सुन्छौं । तर कुरा के हो भनेदेखि CIB जुन मन्त्रालयको under मा बसेर काम गरिरहेको छ, अनि नेपाल प्रहरी अथवा हिजो राजस्व जुन मन्त्रालयको under मा बसेर काम गरिरहेको छ, जब शङ्का त्यो मन्त्रालयको नेतृत्वमै पुग्छ भनेदेखि CIB ले अथवा नेपाल प्रहरीले अथवा राजस्व अनुसन्धान विभागले त्यो मन्त्रालयको नेतृत्वलाई पनि शङ्काको घेरामा राखेर अनुसन्धान गर्लान् त? भन्ने प्रश्न हो । त्यही प्रश्नको निराकरण गर्नको लागि उच्चस्तरीय छानबिन समिति बन्यो भनेदेखि जसलाई शङ्काको

घेरामा जनताले राखेका छन्, प्रतिपक्षले राखेको छ, त्यो शङ्काको घेरामा भएको व्यक्तिमाथि पनि अनुसन्धान हुने छ र भरपर्दो जवाफ आउने छ भन्ने चैं विश्वास हो । र त्यही विश्वासको आधारमा उच्चस्तरीय छानबिन समिति बनाऊँन त भनेर प्रस्ताव गर्नु अनौठो कुरो पनि होइन, नराम्रो कुरो पनि होइन । र सरकारले उच्चस्तरीय छानबिन समिति बनाउँदाखेरि केही भुँइचालो जाने पनि मैले देख्दिनँ । किनभने अहिले जुन संयन्त्रहरूले छानबिन गरिरहेका छन्, त्यो संयन्त्रहरूको छानबिन रोक्ने त भनिएको छैन । त्यो छानबिनले नै support गर्ने हो । तर नेतृत्वमा, हामीलाई answer संस्कार ल दिनुपर्यो नि त । CIB ले गृहमन्त्रालयको नेतृत्वमाथि अनुसन्धान गर्छ? नेपाल प्रहरीले नेपाल प्रहरीको सबैभन्दा ठुलो निकायमाथि अनुसन्धान गर्छ? हामीलाई आश्वस्त पार्नुपर्यो । त्यो आश्वस्त नहुन्जेलसम्म छानबिन समिति बनाऊँ भन्नु अनुपयुक्त जस्तो मलाई लाग्दैन ।

अनि साथीहरूले अहिले अब यहाँ थुप्रै कुराहरू सुनिन्छ । सरकारमा पनि बहुमत छ, Parliament मा पनि बहुमत छ, त्यसकारण हामी चैं सुचारु गर्छौं, हामी राख्दैनौं भनेर तर लोकतन्त्रको सुन्दर पक्ष थुप्रै छन् । तर गठबन्धनको आडमा शङ्कास्पद व्यक्तिहरूमाथि छानबिन गर्नुहुँदैन, ढाकछोप गर्नुपर्छ, प्रतिपक्ष कराउँदै गर्छ, हामी बहुमतमा छौं भनेर जाँदै गर्ने हो भने मैले एकदम दुःखका साथ भन्नुपर्छ, गठबन्धन संस्कृति लोकतन्त्रको लागि घातक छ र सबैभन्दा कुरूप पक्ष बनेको छ । धन्यवाद ।

**(११:५८ बजे)** **<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय सदस्यहरू, समसामायिक विषयमा माननीय सदस्यहरूले बोल्ने क्रम यहीं समाप्त हुन्छ । माननीय सदस्यहरू,

(प्रमुख प्रतिपक्षी दलका माननीयहरू आआफ्नो आसनअगाडि उभिनुभएको ।)

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय भैरव सुन्दर श्रेष्ठ । एकदम संक्षेपमा आफ्नो भनाइ राख्नुहोस् ।

(प्रमुख प्रतिपक्षी दलका माननीयहरू आआफ्नो आसनअगाडि उभिइरहनुभएको, सत्ता पक्षका माननीयहरू पनि आआफ्नो आसनअगाडि उभिनुभएको र माननीय रमेशजंग रायमाझीले केही कुरा राख्न खोज्नुभएको ।)

**<u>सम्माननीय अध्यक्ष</u>**:- बसौं माननीयहरू, क्रमशः बोलौं ।

(प्रमुख प्रतिपक्षी दलका माननीयहरू आआफ्नो आसनअगाडि उभिरहनुभएको र सत्ता पक्षका माननीयहरू पनि आआफ्नो आसनअगाडि उभिइरहनुभएको ।)

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय सदस्यहरू, म त्यही बढाउन गइरा'छु तर अब समय ढ्याप, ढ्याप गरिसकेपछि त मैले समय त दिनुपर्‍यो नि? म त्यही बढाउनलाई पढ्दै थिएँ । यहाँहरूले सुन्नुभा' होला । त्यही बढाउने नै हो मैले, खाली के भन्न खोज्नुभा'को त्यो सुन्न मात्र खोजेको । माननीयहरू बस्नुभो' भने मात्रै अब यो बोल्ने, कुराकानी गर्ने, हाम्रा अरू नियमित ।

(प्रमुख प्रतिपक्षी दलका माननीयहरू आआफ्नो आसनअगाडि उभिइरहनुभएको र सत्ता पक्षका माननीयहरू पनि आआफ्नो आसनअगाडि उभिइरहनुभएको ।)

**(११:५९ बजे)** **<u>माननीय श्री भैरव सुन्दर श्रेष्ठ (नेपाल कम्युनिष्ट पार्टी, एमाले)</u>**:- सम्माननीय अध्यक्षज्यू, समय पाइसकेपछि मैले आफ्नो केही कुराहरू राख्न चाहिँ चाहन्छु । सम्माननीय अध्यक्ष, (**<u>सम्माननीय अध्यक्ष</u>**:- सबै उठेर त के बोलाइ हुन्छ? त्यो त भएन त बस्नुपर्‍यो, अब उठी उठिकन त यो संसदको हाम्रो मर्यादा, हाम्रा प्रक्रियाहरू यो सबै कुराले अब उठेको बेलामा चाहिँ बोल्ने, मैले दिएर पनि त रेकर्डमा रहँदैन, त्यसकारण चाहिँ त्यो नगरौं, बसेर अनि विचारहरू राख्ने, सुन्ने अगाडि कति राम्रोसँग सबैले आफ्ना आफ्ना कुराहरू राख्नुभो', तर्कहरू राख्नुभा'को छ । कति सुन्दर, त्यस्तै सुन्दर ढङ्गले अरू अगाडि बढौं भन्न चाहन्छु ।)

(प्रमुख प्रतिपक्षी दलका माननीयहरू आआफ्नो आसनअगाडि उभिइरहनुभएको र सत्ता पक्षका माननीयहरू पनि आआफ्नो आसनअगाडि उभिइरहनुभएको ।)

**सम्माननीय अध्यक्षः**- बसौं माननीय, अब सत्तापक्ष पनि प्रतिपक्ष पनि उठ्ने, अब यो त म चाहिँ कसरी यसलाई अगाडि बढाउने? अब सत्तापक्ष उठेपछि कमसेकम प्रतिपक्ष बस्नुहोस्, त्यस्तो पनि भएको चाहिँ यो हाम्रो इतिहासमा राम्रै हुन्छ ।

(प्रमुख प्रतिपक्षी दलका माननीयहरू आआफ्नो आसनअगाडि उभिइरहनुभएको र सत्ता पक्षका माननीयहरू पनि आआफ्नो आसनअगाडि उभिइरहनुभएको ।)

**सम्माननीय अध्यक्षः**- माननीय सदस्यहरू, यस्तै मिलेर चाहिँ यो हाउसलाई सुचारू गर्ने बनाऊँन, तब पो राम्रो हुन्छ । सत्तापक्षको माननीयहरूलाई प्रतिपक्षप्रति कति सद्भाव रहेछ कि, उहाँहरू मात्रै किन उठ्ने भनेर उहाँहरू पनि उठ्नुभा'को छ । किन उठ्नुभा'को भने मैले पनि बुझ्न पाइन । अब सबै उठ्नुहुन्छ, बोलेको सुन्न पाइएन, यो कारणले उठेको भन्नुहुन्न, कि उठी उठिकन हाउस चलाउन नयाँ खालको अभ्यास हामी गरौं? त्यस्तो त हुँदैन । मन्त्रीज्यू उठ्दिनुहुन्न, उपाध्यक्ष उठ्नुहुन्न, फेरि त्यसरी पनि भएन, बस्नुभा'को छ अरू दुई जना माननीयहरू पनि । माननीयहरू हामी सबै गम्भीर छौं, पक्कै पनि यहाँहरू पनि गम्भीर हुनुहुन्छ । त्यसकारण यो बैठकलाई नियमित गर्नको लागि यहाँहरूले आफ्नो आसन ग्रहण गर्दिनुहोस्, हामी नियमित प्रक्रियामा जाऊँ । हाम्रा केही कार्यसूचीहरू निकै लामो समयदेखि यसै रोकिएर रहेका छन्, स्थगित छन् । यिनलाई अगाडि बढाऊँ । मलाई लाग्छ, अहिले हामीसँग जे हाम्रो कार्यसूचीमा राखेका विषयहरू छन्, यी सकिसकेपछि अलि दिन हाउस विस्तारै चलाउँदा खेरी पनि अरू विषय नआउँदा त्यति केही अप्ठ्यारो पर्दैन । त्यसो भा' भएर यति विषयहरूलाई अगाडि बढाउनलाई सबै माननीयहरूले सहयोग गर्दिन म फेरि आग्रह गर्दछु । यहाँहरू बसौं, हाउसलाई नियमित चलाऊँ ।

(प्रमुख प्रतिपक्षी दलका माननीयहरू आआफ्नो आसनअगाडि उभिइरहनुभएको र सत्ता पक्षका माननीयहरू पनि आआफ्नो आसनअगाडि उभिइरहनुभएको ।)

**सम्माननीय अध्यक्षः**- सजिलो पनि अलि भएन । यसरी चलाऊँ त भएन । उठेर नियमित बैठक चलाउने नयाँ अभ्यास गरौं भने पछि पछि अलि स्वास्थ्य कमजोर भ'कोलाई गाह्रो हुन्छ । उठेरै चलाउनुपर्‍यो, बस्न दिनुभएन, अनि त झन् समस्या हुन्छ ।

(प्रमुख प्रतिपक्षी दलका माननीयहरू आआफ्नो आसनअगाडि उभिइरहनुभएको र सत्ता पक्षका माननीयहरू पनि आआफ्नो आसनअगाडि उभिइरहनुभएको ।)

**सम्माननीय अध्यक्षः**- माननीयज्यूहरू बसौं, बसेर बैठकको नियमित कारबाहीलाई अगाडि बढाऊँ, फेरि पनि आग्रह गर्दछु । जसरी एकसाथ उभिनुभा'छ, एकसाथ बसिदिनुहोस् र यो बैठकलाई नियमित गर्ने वातावरण बनाइदिनुहोस् । फेरि पनि म माननीयहरूलाई यो आग्रह गर्दछु ।

(प्रमुख प्रतिपक्षी दलका माननीयहरू आआफ्नो आसनअगाडि उभिइरहनुभएको र सत्ता पक्षका माननीयहरू पनि आआफ्नो आसनअगाडि उभिइरहनुभएको ।)

**सम्माननीय अध्यक्षः**- माननीय सदस्यहरू, बसौं । १० मिनेट भइसक्यो, अब त १२ मिनेटमा त १२ वर्षको तपस्या पूरा हुन्छ भन्थे, १२ मिनेटसम्म उठेर सुरू गर्ने एउटा नयाँ बरू चाहिँ त्यो व्यवस्था गरौं, बसौं माननीयहरू । सत्तापक्षले यति राम्रो साथ दिएपछि प्रतिपक्ष त तयार हुनुपऱ्यो नि बस्नको लागि । अब बसौं, सँगसँगै यो बैठकको नियमति कार्यसूचीलाई अगाडि बढाऊँ । बसौं, माननीयहरू ।

माननीय सदस्यहरू, सत्तापक्ष र प्रतिपक्षका माननीय सदस्यहरू एकैसाथ उभिनुभएकोले आजको बैठकको कार्यसूची अगाडि बढाउन नसकिएकोले आजको कार्यसूचीमा रहेका विषयहरूलाई कार्यसूचीबाट हटाएको बेहोरा जानकारी गराउँदछु ।

(प्रमुख प्रतिपक्षी दलका माननीयहरू आआफ्नो आसनअगाडि उभिइरहनुभएको र सत्ता पक्षका माननीयहरू पनि आआफ्नो आसनअगाडि उभिइरहनुभएको ।)

माननीय सदस्यहरू, राष्ट्रिय सभाको अर्को बैठक २०८० साल साउन ३१ गते बुधवार अपराह्न १ बजेर १ मिनेटमा बस्ने गरी यो बैठक स्थगित हुन्छ ।

(तदनन्तर, अर्को बैठक २०८० साल साउन ३१ गते बुधवार अपराह्न १ बजेर १ मिनेटमा बस्ने गरी यो बैठक स्थगित भयो) ।

**स्थगितः- १२:१२ बजे ।**